# कुमाख गाउँपालिका

# गाउँ कार्यपालिकाको कर्यालय

# सल्यान

# कर्णाली प्रदेश, नेपाल

# कुमाख गाउँपालिकाको

# भू-उपयोग योजना तर्जुमा कार्य

# प्रतिवेदन

२०८१

# कार्यकारी सारांस

नेपाल तीव्र रुपमा शहरीकरण भइरहेको मुलुक हो। विशेष गरी नेपालको तराई, पूर्व पश्चिम राजमार्गको आसपासका भेगहरुमा व्यापक रुपमा बस्ती विस्तार भएका छन्। नेपालको तराई भेग तथा मुख्य शहरी क्षेत्रमा शहरीकरणको विभिन्न आर्थिक-सामाजिक, राजनैतिक, नीतिगत तथा भौतिक कारणहरु रहेका छन्। शहरी केन्द्रहरुमा व्यवसायिक तथा रोजगारी, शिक्षा, स्वास्थ्य, यातायात, सञ्चार लगायतका समस्त क्षेत्रहरुमा सेवा सुविधा तथा अवसरहरु बोकेको हुनाले ग्रामीण भेग एवम् पहाडी भेगका मानिसहरु शहरी केन्द्र तथा सो आसपासका क्षेत्रहरुमा बसाइँ सरेर जाने क्रम बढ्दो छ। साथै जनसङ्ख्याको प्राकृतिक वृद्धि साथै बसाइँसराइको कारण ती भेगको जनसङ्ख्या बढिरहेको छ भने तीव्रतर रुपमा बढिरहेको जनसङ्ख्याहरु कृषियोग्य जमिनमा नयाँ बस्तीहरुमा व्यवस्थापन भईरहेका छन्। जसका कारणले ठूला ठूला खेतीयोग्य जमिनमा बस्ती विस्तार भईरहेका छन्। खेतीयोग्य जमिनको खण्डीकरणले उत्पादन र उत्पादकत्वमा ह्रास आएको छ भने खाद्यान्न संकटको जोखिम पनि बढ्दो छ।

कुमाख गाउँपालिका कृषि, लघुव्यवसाय, उद्योग, पशुपालनका हिसाबले सम्भावना बोकेको स्थान हो जहाँ कृषि पेशा अँगाल्ने घरपरिवारको सङ्ख्या बढी छ। यहाँको खेतीयोग्य जमिन तरकारी, फलफुल, उखु, तोरी साथै अनाज समेत उत्पादन गर्न सकिन्छ तर एकातिर आधुनिक कृषि औजार, मल, विउ तथा अर्कातिर समस्याको रुपमा रहेको छ भने उपलब्ध जमिनको पनि वैज्ञानिक उपयोग हुन सकेको छैन। उपयुक्त हावापानी, माटो, पुर्वाधार आदिका आधारले यो गाउँपालिकाले व्यवसायिक कृषिको धेरै सम्भावना बोकेको छ तथापि भेरी नदी, मर्म खोला, कैन्काडा खोला लगायतका अन्य खोलाहरुले सिमित परिमाणमा रहेको खेतीयोग्य जमिन वर्षेनी कटान गर्ने गर्दछ। वैज्ञानिक भू-उपयोग योजनाको अभावमा जथाभावी हुने वस्ती विस्तारलाई व्यवस्थित गर्न सकिएको छैन। जडीबुटी, दुग्ध उत्पादन, अन्नबाली, तथा पशुजन्य उत्पादनका योजनावद्ध विकास एवम् विस्तारका खाकाहरु पनि भू-उपयोग योजनाका अभावमा बन्न सकेका छैनन्।

उपयुक्त हावापानी, माटो, पुर्वाधार आदिका आधारले यो गाउँपालिकाले व्यवसायिक कृषिको धेरै सम्भावना बोकेको छ। यस गाउँपालिकाको ठुलो भू-भाग वन क्षेत्रले ओगटेको छ र खेतीयोग्य, झाडी र घाँसे मैदानले पनि केही क्षेत्र ओगटेको छ। यहाँ जनसङ्ख्याको खासै चाप छैन। बस्तीहरु समथर तथा पहाडी भू-भागमा छरिएर बसेका छन्। उपलब्ध खेतीयोग्य जमिनमा धान, मकै, गहुँ, कोदो, चना, मुसुरो, आलु, टिमुर, अलैचि, उत्पादन हुन्छ । जयसरी आम्दानीको मुख्य श्रोतका रुपमा कृषि व्यवसाय रहेको छ।

कुमाख गाउँपालिकाको भू-उपयोगको वर्तमान अवस्थालाई हेर्दा गाउँपालिकाको सबभन्दा ठुलो भू-भाग वन तथा वनस्पति (११९१०.३९ हेक्टर) र कृषि क्षेत्रले (५५०३.५४ हेक्टर) ओगटेको छ। त्यस्तै नदी तथा ताल तलैयाले १९३.६९ हेक्टर, सार्वजनिक क्षेत्रले ८३.१८ हेक्टर तथा आवास क्षेत्रले १७.९८ हेक्टर भुभाग ओगटेको छ।

कुमाख गाउँपालिकाको भू-उपयोगको वर्तमान अवस्थालाई भू-उपयोगको आगामी ५-१५ वर्षको तथ्याङ्कसँग तुलना गर्दा कृषि, व्यावसायिक तथा आवासले ओगटेको क्षेत्रफलमा व्यापक परिवर्तन आएको हुनेछ। कृषियोग्य जमिन हालको अवस्था भन्दा ५५३.५२ हेक्टरले घटेर ४९५०.०२ हेक्टरमा सीमित हुनेछ भने व्यावसायिक क्षेत्र ६८.९७ हेक्टरले वृद्धि भई ६९.६५ हेक्टरमा फैलिनेछ । त्यस्तै आवास क्षेत्र १७.९८ हेक्टरबाट वृद्धि भई ४८४.५५ हेक्टरमा फैलिनेछ। यसरी कृषियोग्य जमिन मासिनु र व्यवसायिक तथा आवास क्षेत्र बढनुमा जनसङ्ख्याको प्राकृतिक वृद्धि साथै बसाईँसराइको कारण मुख्य छन्। तीव्रतर रुपमा बढिरहेको जनसङ्ख्याहरु कृषियोग्य जमिनमा नयाँ बस्तीहरुमा व्यवस्थापन भईरहेका छन्। जसले गर्दा ठूला ठूला खेतीयोग्य जमिनमा बस्ती विस्तार भईरहेका छन् र आवास, व्यावसायिक र खेतीयोग्य जमिनको क्षेत्रफलमा व्यापक परिवर्तन हुने विश्लेषण गरिएको हो। यी भू-उपयोगका वर्ग बाहेक धार्मिक तथा साँस्कृतिक क्षेत्र, उत्खनन, वन तथा वनस्पति, नदी तथा ताल तलैया, सार्वजनिक, तथा अन्य क्षेत्रको क्षेत्रफलमा भने आगामी ५ देखि १५ वर्षको अवधिमा खासै परिवर्तन नआउने देखिन्छ।

कुमाख गाउँपालिका प्राकृतिक श्रोतमा धनी क्षेत्र हो। विभिन्न भौतिक, सेवा, सुविधा, जस्तै शिक्षा, स्वास्थ्य, आर्थिक सम्भावना एवम् उब्जाउ भू-भाग साथै भौतिक पूर्वाधारहरुको विकासका कारण यो क्षेत्रमा धेरै सम्भावना रहेका छन्। विकास निर्माणका क्रियाकलापहरुले भू-उपयोगमा परिवर्तन आउनु स्वभाविक रहेका र सोही अनुसार जनसङ्ख्या वृद्धि र वस्ती विकास हुने क्रम जारी रहने सजिलै पूर्वानुमान गर्न सकिन्छ। कृषि योग्य भू-भागहरु आवासीय क्षेत्रमा रुपान्तरण हुँदै गएका छन् भने नयाँ बस्तीहरु कृषि योग्य जमिनहरुमा विस्तार भइरहेका छन्। मानिसहरु बजार आसपासका क्षेत्रहरु तथा सडक सञ्जाल आसपासमा बढी केन्द्रित भएको पाइएको छ।

यस सन्दर्भमा प्राकृतिक श्रोतको सन्तुलित एवम् दीगो उपयोग गर्दै गाउँपालिकाको विकासार्थ तयार गरिएको यो भू-उपयोग योजनालाई भू-उपयोग परिषद् गठन गरी कार्यान्वयन गर्न सकिनेछ। यस अघि सरोकारवालाहरुसँग छलफल गरी भू-उपयोग परिषद्को निर्णय अनुसार कार्यान्वयन गर्न वा वर्गीकृत भू-उपयोगलाई परिवर्तन गर्न सकिनेछ ।

# विषयसुची


**परिच्छेद १ःपरिचय........................................................................७**

१.१ भूमि, भू-उपयोग र भू-उपयोग योजना........................................................७

१.२ भू-उपयोग योजना तजुर्माका विधिहरु........................................................८

१.३ भू-उपयोग योजनाको आवश्यकता........................................................९

१.४ भू-उपयोग योजनामा सरोकारवालाहरु........................................................१०

१.५ चुनौती तथा अवसर........................................................१०

१.६ कानुनी/नीतिगत प्रावधानहरु........................................................१०

१.७ स्थानीय भू-उपयोग योजनाका काम, कर्तव्य र अधिकार........................................................१४

१.८ उद्देश्य........................................................१५

**परिच्छेद २ः विधि........................................................................१८**

२.१ विज्ञ समुह गठन........................................................१८

२.२ स्थानीय सरोकारवालासँगको छलफल........................................................१८

२.३ वर्तमान भू-उपयोगको नक्साङ्कन........................................................१९

२.४ अनुगमन तथा मूल्याङ्कन........................................................२०

**परिच्छेद ३ःगाउँपालिकाका सक्षिप्त विवरण........................................................२१**

३.१ गाउँपालिकाको परिचय........................................................२१

**परिच्छेद ४ःवर्तमान भू-उपयोगका अवस्था........................................................२९**

४.१ वर्तमान भू-उपयोग........................................................२९

४.२ गाउँपालिकाको भू-उपयोगको वर्तमान अवस्था........................................................२९

४.३ गाउँपालिकाको आगामी ५-१५ वर्षको भू-उपयोगको वडागत प्रक्षेपण........................................................४५

**परिच्छेद ५ः निश्कर्ष........................................................................५३**

५.१ निश्कर्ष........................................................५३

**अनुसुची १ गाउँपालिकाले निर्धारण गरेको आगामी भू-उपयोगका आधार।**

**माईन्युट**

## तालिका

तालिका १ : गाउँपालिकाको भू-उपयोगको वर्तमान अवस्था.................................................२९
तालिका २ : वडा नं. १ भू-उपयोगको वर्तमान अवस्था...................................................३१
तालिका ३ : वडा नं. २ भू-उपयोगको वर्तमान अवस्था...................................................३३
तालिका ४ : वडा नं. ३ भू-उपयोगको वर्तमान अवस्था...................................................३५
तालिका ५ : वडा नं. ४ भू-उपयोगको वर्तमान अवस्था...................................................३७
तालिका ६ : वडा नं. ५ भू-उपयोगको वर्तमान अवस्था...................................................३९
तालिका ७ : वडा नं. ६ भू-उपयोगको वर्तमान अवस्था...................................................४१
तालिका ८ : वडा नं. ७ भू-उपयोगको वर्तमान अवस्था...................................................४३
तालिका ९ : गाउँपालिकाको आगामी ५-१५ बर्षको भू-उपयोगको वडागत प्रक्षेपण............४५
तालिका १० : वडा नं. १ भू-उपयोगको प्रक्षेपण...........................................................४६
तालिका ११ : वडा नं. २ भू-उपयोगको प्रक्षेपण...........................................................४७
तालिका १२ : वडा नं. ३ भू-उपयोगको प्रक्षेपण...........................................................४८
तालिका १३ : वडा नं. ४ भू-उपयोगको प्रक्षेपण...........................................................४९
तालिका १४ : वडा नं. ५ भू-उपयोगको प्रक्षेपण...........................................................५०`
तालिका १५ : वडा नं. ६ भू-उपयोगको प्रक्षेपण...........................................................५१
तालिका १६ : वडा नं. ७ भू-उपयोगको प्रक्षेपण...........................................................५२

## फोटो

फोटो १ : सरोकारवालाहरुसँग छलफलका झलकहरु.............................................१८-१९

## नक्सा

नक्सा १ : हालको भुउपग्रह नकसा भू-उपयोग वर्ग्रीकरणका लागि................................१७
नक्सा २ : गाउँपालिकाको अवस्थिति नक्सा.............................................................२२
नक्सा ३ : गाउँपालिकाको प्रशासनिक विभाजन नक्सा................................................२३
नक्सा ४ : गाउँपालिकाको DEM नक्सा.................................................................२४
नक्सा ५ : गाउँपालिकाको Slope नक्सा................................................................२५
नक्सा ६ : गाउँपालिकाको Aspect नक्सा...............................................................२६
नक्सा ७ : गाउँपालिकाको Drainage नक्सा...........................................................२७

नक्सा ८ : गाउँपालिकाको सडक सञ्जाल नक्सा......................................................२८
नक्सा ९ : गाउँपालिकाको भूउपयोगको वर्तमान अवस्था नक्सा....................................३०
नक्सा १० : वडा नं. १ भू-उपयोगको वर्तमान अवस्था नक्सा.....................................३२
नक्सा ११ : वडा नं. २ भू-उपयोगको नक्सा..........................................................३४
नक्सा १२ : वडा नं-को भू ३. उपयोगको नक्सा.....................................................३६
नक्सा १३ : वडा नं-को भू ४. उपयोगको नक्सा.....................................................३८
नक्सा १४ : वडा नं-को भू ५. उपयोगको नक्सा.....................................................४०
नक्सा १५ : वडा नं-को भू ६. उपयोगको नक्सा.....................................................४२
नक्सा १६ : वडा नं-को भू ७. उपयोगको नक्सा...................................................४४

## चित्र

चित्र १ भू -उपयोग योजना तजुर्मा विधि-ः.................................................................१६

# परिच्छेद १ः परिचय

## १.१ भूमि, भू-उपयोग र भू-उपयोग योजना

सामान्यतया पृथ्वीको धरातलमा रहेको प्राकृतिक अवस्थिति जस्तै पानी, माटो, खनिज, वनजङ्गल आदिलाई भूमि भनिन्छ।भूमि सुधार तथा व्यवस्था मन्त्रालयद्वारा प्रकाशित शब्दकोष अनुसार भूमि शब्दकोशले भूमि शब्दलाई "जग्गा, माटो, पृथ्वी, स्थल भाग, धर्ती, ठाउँ, स्थान आदि भएको सबै किसिमको जग्गा" भनेर जनाएको छ (श्रोतः भूमि सुधार तथा व्यवस्था मन्त्रालयद्वारा प्रकाशित शब्दकोष)।यसै भूमिलाई मानव जातिले विभिन्न उपयोगमा ल्याउने गर्दछन्।भूमि मानव जीवन यापनका हरेक चरणहरुमा अनोन्याश्रित रुपमा सम्बन्ध भएको प्राकृतिक स्वरुप हो जसलाई मानवले विभिन्न तरिकाले उपभोग गर्दछन्।

विश्व वातावरण परिवर्तनको एक प्रमुख कारक तत्वमध्ये भूमि तथा भू-उपयोगमा आएको परिवर्तन एक हो।पारिस्थितिकीय प्रणालीमा देखिने परिवर्तन, जलवायु परिवर्तन तथा जैविक विविधतामा आउने ह्रास आदि जस्ता घटनाहरुलाई प्रभाव पार्ने विविध तत्वहरु मध्ये पनि भू-उपयोगमा आउने परिवर्तन प्रमुख रहने गरेको छ।विश्वको जनसङ्ख्या वृद्धिसँगै शहरी क्षेत्रको विस्तार र कृषियोग्य जमिनको क्षेत्रमा हुने संकुचन तथा जङ्गल, सिमसार, पानीले ओगटेको क्षेत्रहरुमा मानवीय प्रभाव वृद्धि हुने हुँदा जैविक तथा प्राकृतिक वातावरण तथा वातावरणीय सन्तुलन कायम गर्न एवम् दिगो स्रोत व्यवस्थापन पनि चुनौतिको रुपमा देखा परिरहेको अवस्था छ। विशेष गरी अविकसित तथा अल्पविकसित मुलुकहरुमा तीव्र जनसङ्ख्या वृद्धि, जथाभावी बस्ती विकास र अव्यवस्थित शहरीकरण व्याप्त छ।

भू-उपयोग भन्नाले मानिसले जीवनयापन, उत्पादन, विकास तथा व्यवस्थापन गर्ने सन्दर्भमा पृथ्वीको सतहमा गरिने क्रियाकलाप र त्यसबाट सिर्जित परिणाम तथा असरलाई बुझिन्छ। भू-उपयोगले सीमित मात्रामा रहेको यस पृथ्वीको सतहलाई वर्तमान आवश्यकताहरु पूरा गर्दै भावी समय सम्मका लागि सन्तुलित र सुरक्षित राख्दै प्रयोग गर्ने योजनावद्ध पद्धतिलाई बुझाउँछ। भू-उपयोग योजना अन्तर्गत भूमि तथा भूमि श्रोतको उपयोग, योजनाबद्ध प्रयोगको खाका, आवश्यक निर्णय तथा क्षमता विकास सम्मका कुरालाई समेटेको हुन्छ। दीर्घकालीन र वैज्ञानिक किसिमको भू-उपयोग योजनाले प्राकृतिक श्रोत र साधनको सन्तुलित प्रयोग तथा समुदायको सर्वाङ्गीण विकासको लक्ष्य लिएको हुन्छ। पछिल्ला दशकमा बढ्दो जनसङ्ख्यासँगै भूमिमा अत्याधिक दबाब परिरहेको छ। यससँगै भू-उपयोग योजनाको आवश्यकता पनि थप महशुश गरिएको छ। सीमित श्रोतबाट असीमित लाभ लिनका लागि भू-उपयोगका निश्चित सिद्धान्तहरु रहेका छन्। जसमध्ये जर्मन विकास नियोग (GIZ) ले निर्धारण गरेका भू-उपयोग योजनाका सिद्धान्तलाई प्रस्तुत गर्न सान्दर्भिक ठानिएको छ :

- भू-उपयोग योजना व्यावहारिक कार्यान्वयन योग्य र सहभागितामूलक हुनुपर्छ ।
- भू-उपयोग योजना समावेशीकरण, सहभागितामूलक तथा प्रतिनिधित्व गर्न सक्ने हुनुपर्छ ।
- भू-उपयोग योजना सरोकारवाला निकायहरुको सहभागितामा तयार पारिन दस्तावेज हो ।
- सरोकारवालाको क्षमता अभिवद्धि, पारदर्शी र दुरगामी प्रभाव राख्ने हुनुपर्छ ।
- भू-उपयोग योजना भागालिक विशषतामा आधारित, कार्यन्वयनयाग्य तथा आथिक श्रोत र बजेट व्यवस्थापनसँग समन्वयात्मक किसिमको हुनुपर्छ ।

## १.२ भू-उपयोग योजना तजुर्मका विधिहरु

FAO 1976 ले भू-उपयागको Framework तथा विभिन्न निर्देशिका तयार पारेको छ जसलाई विभिन्न विकसित एवम् विकासोन्मुख मुलुकले सन्दर्भ सामग्रीका रुपमा लिएको एवम् अवलम्बन गरेको पाइन्छ। यस Framework अनुसार FAO Framework for land management ले भू-उपयोगको सुन्दर्भमा भौतिक, आथिक, सामाजिक तथा संस्थागत पक्ष तथा योजना निर्माणका चरणहरुमा सरोकारवालाहरुको सक्रिय सहभागिता हुनुपर्ने पक्षलाई समेटेको छ । यस Framework ले भूमिलाई सीमितता (Limitation) का आधारमा अति उपयुक्त (Highly suitable), मध्यम उपयुक्त (Moderately suitable), न्युनतम उपयुक्त (Marginally उपयुक्त) र अनुपयुक्त जमिनलाई हालका लागि अनुपयुक्त, दिर्घकालका लागि अनुपयुक्त एवम् संरक्षण क्षेत्र भनि विभाजन गरेको छ। भू-उपयोग योजना तजुर्माका विविध विधिहरु हुन्छन् जसमध्ये Top-down, bottom-up र सहभागितामूलक विधिलाई यहाँ उल्लेख गरिएको छ ।

### Bottom-up Approach

Bottom-up Approach बाट तर्जुमा गरिएका योजनाहरु कम सैद्धान्तिक तथा बढी व्यवहारिक किसिमका हुन्छन्। यस अनुरुप योजना तर्जुमा गर्दा स्थानीय तथा सरोकारवालासँग गहन छलफल गरी स्थानीय भावना तथा आवश्यकतालाई सम्बोधन हुने किसिमले योजना बनाइन्छ। यस्ता विधिमा आधारित योजनाहरु कार्यान्वयन गर्न सहज तथा मितव्ययी एवम् व्यवहारिक भए पनि वैज्ञानिक अवधारणा, विज्ञका तर्कहरु तथा सैद्धान्तिक कुरासँग मेल नखाने हुनाले फितलो तथा असफल हुने हुन्छन् भनि आलोचना गर्ने पनि गरिन्छ ।

### Top-down Approach

Top-down Approach बाट भू-उपयोग योजना तर्जुमा गर्दा विभिन्न विधाका विज्ञहरु, सैद्धान्तिक पक्ष र अवधारणालाई प्राथमिकतामा राखिएको हुन्छ। यस्ता योजनाहरु सैद्धान्तिक हिसाबले मजबुत देखिएता पनि स्थानीयस्तरका भावना तथा आवश्यकतालाई सम्बोधन नगर्ने किसिमका हुन्छन् भनि आलोचना गरिन्छ। साथै सरोकारवाला तथा स्थानीय आवश्यकता तथा आर्थिक पक्षबाट पनि मितव्ययी नहुने हुनाले यिनीहरु दस्तावेजमा मात्र केन्द्रित हुन्छन् ।

### Participatory Approach

यस विधिमा विज्ञहरुले सैद्धान्तिक एवम् वैज्ञानिक तथ्य, सूचना तथा विधिहरुलाई आत्मसाथ गर्दै योजनाको खाका तयार गर्ने गर्दछन् जसलाई स्थानीय सरोकारवाला समक्ष छलफलका लागि प्रस्तुत गरी राय, सुझाव, सल्लाह सङ्कलन गरिन्छ । यसपछि स्थानीय स्तरमा रहेका निकायहरु मार्फत ऐन, नियम, निर्देशिका आदि आवश्यक दस्तावेज तयार गरी कानुनी प्रक्रिया पूरा गरी पारित गर्दै लागु गरिन्छ । यस विधिबाट निर्माण भएका योजनाहरुमा स्थानीय सरोकारवालाका जनभावना, आवश्यकता समेटिएका हुनाले स्थानीय स्तरमा स्वामित्व अनुभव हुने र कार्यान्वयन गर्न सहज हुने एवम् योजनाहरु दीर्घकालीन रुपमा

प्रभावकारी हुने हुन्छ । जर्मन सहयोग नियोग (GIZ) सहभागितामलक भू-उपयोग योजनाका केही मूलभूत विशेषता उल्लेख गरेको छ जसलाई निम्न अनुसार पेश गरिन्छ :

- भू-उपयोग योजना निर्माण गर्न प्राविधिक तथा विज्ञको सैद्धान्तिक ज्ञान महत्वपूर्ण छन् यसका साथै स्थानीय भू-उपयोगको प्रचलन, सम्भाव्यता, उपयुक्तता, भौगोलिक, भौगर्भिक अवस्था, मौसम, माटो, चुनौती तथा अवसरको ज्ञान हुनु उत्तिकै जरुरी हुन्छ।
- सहभागिता मूलक भू-उपयोग योजनाहरु सामाजिक रुपले न्यायपूर्ण, आर्थिक हिसाबले सम्भाव्य, प्राविधिक रुपमा उपयुक्त र वातावरणीय र साँस्कृतिक रुपमा दीर्घकालीन हुनुपर्छ ।
- सहभागितामूलक भू-उपयोग योजनाको कार्यान्वयन पनि एक महत्वपूर्ण पाटो भएकाले स्थानीय जनशक्ति, साधन र श्रोत तथा प्रविधिलाई विशेष ध्यान दिइनु पर्छ ।
- त्यसैगरी माटोको उर्वरता, माटोको गुण अनुरुप बालीको उपयुक्तता, बाली नाली छनोट, नक्साङ्कन, आदि कुरामा विज्ञका सुझाव तथा सैद्धान्तिक ज्ञान उपयुक्त हुन्छ। यी सम्पूर्ण कुराहरु स्थानीय सूचना, जानकारी, आवश्यकता तथा सफल/असफल प्रयोग तथा प्रयास एवम् परम्परागत ज्ञान र सीपलाई समेत समावेश गर्न सक्नु पर्छ।
- आपसी सहयोग, संवाद र छलफलमा आधारित, पारदर्शी, समावेशी, बहु-आयामिक, सरल, सामान्य र कार्यान्वयन गर्न सकिने किसिमको हुनुपर्छ ।
- सहभागितात्मक भू-उपयोग योजना प्रक्रियामुखी, अपरिवर्तनीय र कठोर प्रकृतिको नभई परिवर्तनशील, समयानुकुल, लचक र परिमार्जन गर्न सकिने किसिमको हुनुपर्छ। कार्यान्वयनका क्रममा सुधार र संशोधन गर्नुपर्ने भएमा सजिलै गर्न सकिने किसिमको हुनुपर्छ।

## १.३ भू-उपयोग योजनाको आवश्यकता

दक्षिण एशियामा अवस्थित नेपालमा पनि केही दशक यता तीव्र रुपमा शहरीकरण शहरी जनसङ्ख्या वृद्धि भईरहेको छ। विशेष गरी प्रमुख शहरी केन्द्र, व्यापारिक क्षेत्रहरु तथा मुख्य सडक आसपास एवम् तराई भेगमा शहरीकरण एवम् जनसङ्ख्या वृद्धि तीव्र छ । विशेष गरी तराई, पूर्व पश्चिम राजमार्गको आसपासका भेगहरुमा व्यापक रुपमा बस्ती विस्तार भएका छन्।

नेपालको तराई भेग तथा मुख्य शहरी क्षेत्रमा शहरीकरणको विभिन्न आर्थिक-सामाजिक, राजनैतिक, नीतिगत तथा भौतिक कारणहरु रहेका छन्। शहरी केन्द्रहरुमा व्यवसायिक तथा रोजगारी, शिक्षा, स्वास्थ्य, यातायात, सञ्चार लगायतका समस्त क्षेत्रहरुमा सेवा सुविधा तथा अवसरहरु बोकेको हुनाले ग्रामीण भेग एवम् पहाडी भेगका मानिसहरु शहरी केन्द्र तथा सो आसपासका क्षेत्रहरुमा बसाइँ सरेर जाने क्रम बढ्दो छ। साथै जनसङ्ख्याको प्राकृतिक वृद्धि साथै बसाइँसराइको कारण ती भेगको जनसङ्ख्या बढिरहेको छ भने तीव्रतर रुपमा बढिरहेको जनसङ्ख्याहरु कृषियोग्य जमिनमा नयाँ बस्तीहरुमा व्यवस्थापन भईरहेका छन्। जसका कारणले ठूला ठूला खेतीयोग्य जमिनमा बस्ती विस्तार भईरहेका छन् । खेतीयोग्य जमिनको खण्डीकरणले उत्पादन र उत्पादकत्वमा ह्रास आएको छ भने खाद्यान्न संकटको जोखिम पनि बढ्दो छ।

कुमाख गाउँपालिका कृषि, लघुव्यवसाय, उद्योग, पशुपालन हिसाबले सम्भावना बोकेको स्थान हो जहाँ कृषि पेशा अँगाल्ने घरपरिवारको सङ्ख्या बढी छ। यहाँको खेतीयोग्य जमिन तरकारी, फलफुल, उखु,

तोरी साथै अनाज समेत उत्पादन गर्न सकिन्छ तर एकातिर आधुनिक कृषि औजार, मल, विउ तथा अर्कोतिर समस्याको रुपमा रहेको छ भने उपलब्ध जमिनको पनि वैज्ञानिक उपयोग हुन सकेको छैन। उपयुक्त हावापानी, माटो, पुर्वाधार आदिका आधारले यो गाउँपालिकाले व्यवसायिक कृषिको धेरै सम्भावना बोकेको छ तथापि भेरी नदी, मर्म खोला, कैन्काडा खोला लगायतका अन्य खोलाहरुले सिमित परिमाणमा रहेको खेतीयोग्य जमिन वर्षेनी कटान गर्ने गर्दछ। वैज्ञानिक भू-उपयोग योजनाको अभावमा जथाभावी हुने वस्ती विस्तारलाई व्यवस्थित गर्न सकिएको छैन। जडीबुटी, दुग्ध उत्पादन, अन्नबाली, तथा पशुजन्य उत्पादनका योजनावद्ध विकास एवम् विस्तारका खाकाहरु पनि भू-उपयोग योजनाका अभावमा बन्न सकेका छैनन्।

## १.४ भू-उपयोग योजनाकोमा सरोकारवालाहरु

कुमाख गाउँपालिकाको भू-उपयोग योजना तर्जुमा गर्दा मुख्य सरोकारवालाहरुका रुपमा स्थानीय जग्गाधनी, विभिन्न जातजाति, वर्ग, लिङ्ग, एवम् समुदायका व्यक्तिहरु, नागरिक समुदाय, सरकारी/गैरसकारी संघ संस्थाहरुका प्रतिनिधिहरु हुन।त्यसैगरी गाउँपालिकास्तरीय नापी कार्यालय, मालपोत, कृषि विकास कार्यालय, सडक, शिक्षा, खानेपानी, स्वास्थ्य आदिसँग सम्बन्धित कार्यालयहरु पनि सरोकारवालाको रुपमा लिन सकिन्छ।गाउँपालिकाकाो भू-उपयोग योजना तर्जुमा गर्दा, स्थानीय जनप्रतिनिधि, टोल विकास समिति सदस्य, बुद्धिजीवी, अध्यक्ष, उपाध्यक्ष, सरकारी कर्मचारी आदि, बीच छलफल गरिएको छ।सोही सरोकारवालाहरुसँगको छलफल र अद्यावधिक गरिएका डाटाबेस नै भू-उपयोग योजना तर्जुमाको मुख्य आधार हो ।

## १.५ चुनौती तथा अवसर

गाउँपालिकाको भू-उपयोग योजनाको मुख्य चुनौती भनेको बढ्दो जनसङ्ख्याको प्रवाहलाई व्यवस्थित गर्नु, कृषियोग्य जमिनको खण्डीकरणलाई नियन्त्रण गर्नु, साना खोला खोल्साले हुने डुबान कटान र विस्तारित बस्तीहरुलाई व्यवस्थित गर्नु एवम् भौतिक पुर्वाधारयुक्त बनाउनु नै हो। सहभागितामूलक भू-उपयोग योजना तर्जुमा र कार्यान्वयनका लागि फरक फरक विचारधारा तथा मत राख्ने स्थानीय सरोकारवाला तथा प्रतिनिधिहरु बीचबाट सबैको अपेक्षालाई सम्बोधन हुने किसिमको योजना तर्जुमा एवम् कार्यान्वयन आफैमा थप चुनौती हो। यस चुनौतीलाई सामना गर्न गाउँपालिकाले स्थानीय भू-उपयोग योजना बनाई भविष्यमा विस्तार हुनसक्ने शहरी क्षेत्र, व्यवसायिक क्षेत्र, कृषि पकेट क्षेत्र, वन क्षेत्र, खोलानालाले ओगटेको र औद्योगिक क्षेत्र एवम् सार्वजनिक उपयोगका क्षेत्र छुटयाई भू-उपयोग योजना बनाइएको छ। स्थानीय स्तरमा निर्माण गरिएको यस भू-उपयोग योजनालाई गाउँपालिकाले आगामी दिनमा एक अवसरको रुपमा लिई विविध दीर्घकालीन एवम् प्रभावकारी योजनाहरु निर्माण तथा कार्यान्वयन गर्न सकिन्छ। योजनाको लक्ष हासिल गर्नकालागि जमिनको उत्पादन र उत्पादकत्व वृद्धि गर्नु, भू-क्षमता तथा प्रकारको आधारमा खेतीवाली पहिचान, छनोट गरी बढीभन्दा बढी लाभ लिन सक्ने क्षमता विकास गर्नु आवश्यक छ।

## १.६ कानुनी/नीतिगत प्रावधानहरु

जनसङ्ख्या वृद्धि, बसाई सराईका कारणले हुने अव्यवस्थित बसोबास, शहरी विस्तार कृषियोग्य जमिनको निरन्तर घट्दो अवस्था, वनजङ्गल, नदी नाला, ताल तलैया साँस्कृतिक पुरातात्विक एवम् सार्वजनिक जग्गा

जमिनमाथिको दबाब आदि कुराहरु सन्तुलित एवम् दीगो सर्वाङ्गीण सामाजिक एवम् वातावरणीय विकासका लागि प्रत्युत्पादक हुने भएकाले पछिल्ला दशकमा भू-उपयोग योजनालाई प्राथमिकता एवम् महत्वपूर्ण विषयमा राखिएको छ। सीमित मात्रामा रहेको भूमिकाको समुचित उपयोग, व्यवस्थापन र त्यसबाट हुने लाभको न्यायोचित वितरण गर्दै सन्तुलित तथा विकसित वातावरण र सन्तुलित दिगो विकासलाई वैज्ञानिक भू-उपयोग योजनाले मद्दत गर्ने गर्दछ। स्थानीय स्तरका योजनाहरु स्थानीय जनताको लाभ र हानीसँग प्रत्यक्ष सरोकार राख्ने भएकाले सहभागिता मूलक भू-उपयोग योजना आजको आवश्यकता हो। यसर्थ सरकारी तवरबाट पनि भू-उपयोग योजनालाई विभिन्न प्रावधानका साथ प्राथमिकीकरण गरेको छ।

- राष्ट्रिय भू-उपयोग नीति २०६९ जारी गरी सो नीति कार्यान्वयनका लागि भू-उपयोग कार्यक्रम कार्यान्वयन निर्देशिका २०६९ जारी भएको छ।
- भू-उपयोग नीति २०७२ र भूमि तथा भू-उपयोग कार्यान्वयनका सम्बन्धमा भू-उपयोग नीति २०७२ नै मूल नीति हुनुपर्ने उल्लेख गरेको छ साथै कार्यान्वयनका लागि भू-उपयोग सम्बन्धी ऐन, कार्यविधि, मापदण्ड, नियमावली, निर्देशिका तर्जमा गरी लागू गरिने कानूनी व्यवस्था छ। त्यसै गरी, कार्यान्वयनको संस्थागत व्यवस्थाको सन्दर्भमा भू-उपयोग व्यवस्थापन विभाग र मातहतमा डिभिजन कार्यालय स्थापना गरिनेछ भने सङ्घीय, प्रादेशिक र स्थानीय तहमा कार्यान्वयन तथा समन्वय समिति गठन गरिने छ।
- भू-उपयोग योजनाको कार्यान्वयनका लागि भूमि व्यवस्थापन सहकारी तथा गरिबी निवारण मन्त्रालय सञ्चालित छ। जसमा राष्ट्रिय भू-उपयोग आयोजना क्रियाशील छ। यस योजनाले जिल्ला तथा स्थानीय स्तरमा योजना तर्जुमा र कार्यान्वयनका लागि भू-उपयोग नक्साङ्कन, माटो, भक्षमताको नक्साङ्कन, भू-उपयोग क्षेत्र वर्गीकरण र समग्र श्रोतको डाटाबेस तयार गर्ने कार्य गरिरहेको छ। जसका आधारमा स्थानीय निकायले अद्यावधिक स्थानीय भू-उपयोग योजना निर्माण गर्न सक्छन्। त्यसैगरी नेपाल सरकारले भूमि व्यवस्थापनका सन्दर्भमा पनि महत्वपूर्ण संवैधानिक व्यवस्था गरेको छ।
- भू-उपयोग योजनाको स्थानीय निकायबाट हुने कार्यान्वयनका लागि स्थानीय स्वाायत्त शासन ऐन २०५५ का नियमहरुमा आवश्यक समयानुकुल समायोजन भएको छ।
- भू-उपयोग ऐन २०७६ ले जमीनलाई १० वटा क्षेत्र-कृषि क्षेत्र, आवासीय क्षेत्र, व्यावसायिक क्षेत्र, औद्योगिक क्षेत्र, खानी तथा खनिज क्षेत्र, वन क्षेत्र, नदीनाला तथा ताल तलैया क्षेत्र, सार्वजनिक उपयोगको क्षेत्र, साँस्कृतिक तथा पुरातात्विक क्षेत्र र अन्य क्षेत्र गरी विभाजन गरेको छ।
- सोही ऐनको दफा १८ ले स्थानीय भू-उपयोग परिषद्को गठन गर्न सक्ने व्यवस्था गरेको छ।
- सोही ऐनको दफा ६ ले स्थानीय सरकारले आवश्यकता बमोजिम भू-उपयोग योजना निर्माण गर्न सक्ने व्यवस्था गरेको छ।

## नेपालको संविधान २०७२

नेपालको संविधान, २०७२ ले स्थानीय निकायले नीति कानुन योजना तथा बजेट तर्जुमा गर्न, कार्य विभाजन एवम् सम्पादन सम्बन्धी नियम बनाई लागू गर्न, स्थानीय सेवाको गठन र सञ्चालन गर्न, संविधान र कानुनको परिधिमा रही कर लगाउन सक्ने लगायतका व्यवस्था गरेको छ साथै सङ्घ, प्रदेश र स्थानीय तहलाई घीय एकाइको सङ्घीय रुपमा परिभाषित गरी निश्चित अधिकारहरु तय गरेको छ ।

## स्थानीय सरकार सञ्चालन ऐन २०७४

स्थानीय सरकार सञ्चालन ऐन २०७४ अन्तर्गत स्थानीय गाउँपालिका/न.पा.ले तथ्याङ्क सङ्कलन तथा अभिलेख सङ्कलन, व्यवस्थापन अद्यावधिक गर्ने सम्बन्धी व्यवस्था यस ऐनको दफा ११ को उपदफा २(च), २(ड) र २(ध) मा व्यवस्थित गरेको छ। यही व्यवस्था अनुसार नगरपालिका वा गाउँपालिकाको जनसङ्ख्या, प्राकृतिक, साँस्कृतिक, भौतिक, रोजगारी, प्रतिव्यक्ति आय, कृषि आदि यावत विषयसम्बन्धी तथ्याङ्क भू-उपयोग योजना निर्माण गर्ने आधारहरु हुन्। उपरोक्त सम्बन्धित सङ्कलित तथ्याङ्कलाई व्यवस्थापन र प्रशोधन गरी पाश्र्वचित्र, नक्साङ्कन तथा अभिलेखनका क्रियाकलापहरुलाई नगरपालिका/गाउँपालिकाको कर्तव्य तथा अधिकार क्षेत्रभित्र राखिएको छ।

**स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन २०७४** अनुसार नगरपालिका वा गाउँपालिकाले वार्षिक योजना तथा बजेट तर्जुमा पूर्व स्थानीय तहको भौगोलिक, सामाजिक, आर्थिक एवम् पूर्वाधारको विवरण अद्यावधिक गरी सार्वजनिक गर्नुपर्ने उल्लेख छ।

## भू-उपयोग नीति २०७२

भू-उपयोगको सन्दर्भमा भू-उपयोग नीति नै प्रमुख नीति रहने व्यवस्था जस भित्र रहेर भू-उपयोग सम्बन्धी ऐन कार्यविधि, मापदण्ड, नियमावली निर्देशिका तर्जुमा गरी लागू गर्न सक्ने व्यवस्था छ। कार्यान्वयनको संस्थागत व्यवस्थाका लागि भू-उपयोग व्यवस्थापन विभाग र मातहतमा डिभिजन कार्यालय स्थापना गरिने र सङ्क, प्रदेश र स्थानीय तहमा कार्यान्वयन समन्वय समिति रहने व्यवस्था छ। त्यसैगरी राष्ट्रिय भू-नीति २०७५ स्थानीय स्तरमा भू-उपयोग योजना तर्जुमा र कार्यान्वयन गर्दा अवलम्बन गर्ने विधिहरुको व्यवस्था गरेको छ ।

## भू-उपयोग ऐन २०७६

यस ऐनले भने भूमिको वर्गीकरण, शुद्धीकरण, उचित उपयोग र व्यवस्थापनको व्यवस्था गरेको छ। भू-उपयोग सम्बन्धी व्यवस्थापन गर्न बनेको ऐन (भू-उपयोग ऐन २०७६) अनुसार प्रत्येक स्थानीय तहमा एक भू-उपयोग परिषद् रहने छ। गाउँ वा नगर कार्यपालिकाले स्थानीय भू-उपयोग परिषद्को रुपमा काम गर्ने तथा भू-उपयोग परिषद्को बैठक आवश्यकता अनुसार बस्ने, कार्य सम्पादनलाई विज्ञको सेवा लिन सक्ने तथा बैठक सम्बन्धी कार्यविधि आफैं निर्धारण गर्न सक्नेछ।

# भू-उपयोग नियमावली २०७९

भू-उपयोग ऐन २०७६ कार्यान्वयनका लागि भू-उपयोग नियमावली २०७९ जारी भएको छ। यस नियमावली अनुसार जग्गाको वर्गीकरण भू-क्षमता, वनोट, जमिनको उपयुक्तता र आवश्यकताका आधारमा गरिनु पर्ने उल्लेख छ। भू-उपयोग नक्साङ्कन वर्गीकरणको आधार, क्षेत्रफल र मापदण्डको तय स्थानीय निकायले गर्नेछ।

भू-उपयोगनियमावली २०७९ के नियम ५ को उपनियम ७ ले कृषियोग्य जग्गा संरक्षण गर्नकालागि व्यवस्था गरेको छ जस अनुरुप नियमावली लागु भएको छ महिनाभित्र गाउँपालिका तथा नगरपालिकाले ४ किल्ला खुलाई कृषि क्षेत्र तोक्नुपर्ने व्यवस्था छ। सोही नियमावलीले भू-उपयोग क्षेत्र निर्धारणका आधार, मापदण्ड र क्षेत्रफल सम्बन्धी व्यवस्था समेत गरेको छ।

## प्रमुख विशेषता

- जग्गाको खण्डीकरणलाई निरुत्साहित तथा एकीकरणलाई प्रोतत्साहन गरेको । जग्गालाई तोकिएको मापदण्ड भन्दा सानो टुक्रामा विभाजन गर्न पाइने छैन। कृषि याग्य जमिन ५०० वर्ग मि. भन्दा सानो गरी टुक्रयाउन नपाउने, आवसीय जग्गा १३० व.मि. भन्दा कम गरी टुक्रयाउन नमिल्ने।
- बस्ती विकास, जग्गा एकीकरण, सामहिक तथा सहकारी खेती सम्बन्धी आधार तथा मापदण्ड बनाई कार्यान्वयन गर्न सक्ने अधिकार प्रदेश सरकारलाई दिएको छ भने स्थानीय तहलाई भने कृषिको यान्त्रिकीकरण, व्यवसायिकरण, सामहिक खेती, आदिका लागि जग्गाधनीको सहमतिमा जग्गा एकीकरण गर्न पाउने अधिकार दिएको छ ।
- जग्गाधनी लालपुर्जा अद्यावधिक गर्ने र सो वखतमा जग्गाको वर्गीकरण गरिनेः
  - ✓ कृषियोग्य क्षेत्र
  - ✓ व्यवसायिक शहरी क्षेत्र
  - ✓ उत्खनन क्षेत्र
  - ✓ धार्मिक तथा साँस्कृतिक क्षेत्र
  - ✓ वन तथा वनस्पति क्षेत्र
  - ✓ औद्योगिक क्षेत्र
  - ✓ सार्वजनिक क्षेत्र
  - ✓ आवास क्षेत्र
  - ✓ नदी तथा ताल तलैया क्षेत्र
  - ✓ अन्य क्षेत्र




- भू-उपयोगनियमावली कार्यान्वयनका लागि कार्ययोजना तयार गरी लागु गरिने छ ।

## १.७ स्थानीय भू-उपयोग योजनाका काम, कर्तव्य र अधिकार

यस ऐनमा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारका अतिरिक्त स्थानीय भू-उपयोग परिषद्को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुने छ ।

(क) स्थानीय भू-उपयोग योजना स्वीकृत गर्ने,

(ख) भूमि सम्बन्धी लगत सङ्कलन, विश्लेषण र उपयोग गर्ने,

(ग) आफ्नो तहको भू-उपयोग क्षेत्र नक्सा अद्यावधिक गराउने,

(घ) आवश्यकता अनुसार आफ्नो तहको भू-उपयोग उपक्षेत्र वर्गीकरण गर्ने,

(ङ) भू-उपयोगक्षेत्र वर्गीकरण सम्बन्धी सूचना तोकिए बमोजिम सरोकारवालाको पहुँचमा पुर्याउन स्थानीय भू-उपयोग कार्यान्वयन समितिलाई निर्देशन दिने,

(च) स्थानीय तहको भू-उपयोग योजना कार्यान्वयनका प्रक्रिया र मापदण्ड तयार गरी लागू गर्ने,
(छ) भू-उपयोग योजना कार्यान्वयनको अनुगमन गर्ने,

(ज) भू-उपयोग परिवर्तनको लागि स्पष्ट आधार र कारण सहित सिफारिस गर्ने,

(झ) तोकिएको उपयोग भन्दा फरक उपयोग गरेकोमा कारबाही गर्ने,

(ञ) भू-उपयोगमा उल्लेखनीय योगदान गर्ने व्यक्ति, परिवार वा संस्थालाई पुरस्कृत गर्ने,

(ट) धार्मिक, ऐतिहासिक, साँस्कृतिक, पुरातात्विक, सार्वजनिक, सामुदायिक स्थलहरुको संरक्षण गर्ने।

(ठ) आफ्नो तहको भू-उपयोग सम्बन्धी आवश्यक नीतिहरु तुर्जमा गरी पारित गर्ने ।

कार्यान्वयन समितिः स्थानीय भू-उपयोग परिषद्को कार्यमा सहयोग गर्न प्रत्येक स्थानीय तहमा देहाय बमोजिमको एक भूउपयोग कार्यान्वयन समिति रहने छः

(क) सम्बन्धित गाउँ कार्यपालिका वा नगर कार्यपालिकाको अध्यक्ष वा प्रमुख — अध्यक्ष

(ख) सम्बन्धित वडाको वडा अध्यक्ष-सदस्य

(ग) स्थानीय तहका कृषि, वन, भूमि, सहरी विकास र भौतिक पूर्वाधारसँग सम्बन्धित शाखाका प्रमुखहरु-सदस्य

(घ) सरोकारवालामध्येबाट स्थानीय भू-उपयोग परिषद्ले तोकेको दुई जना महिला सहित चार जना -सदस्य

(ङ्) सम्बन्धित स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृत-सदस्य सचिव

(२) उपदफा (१) को खण्ड (घ) बमोजिम तोकिएका सदस्यहरुको पदावधि तीन (३) वर्षको हुने छ ।

## १.८ उद्देश्य

यस कार्यक्रमको मुख्य उद्देश्य भू-उपयोग योजना तर्जुमा गर्नु हो। यसको विशिष्ट उद्देश्य स्थानीय भूमिलाई आवश्यकता र उपयुक्तताको आधारमा, शहरी क्षेत्र कृषि, बसोबास, व्यावसायिक, औद्योगिक, वन जङ्गल र सार्वजनिक उपयोगका क्षेत्रहरुमा वर्गीकरण गरी गाउँपालिकाले निर्धारण गरेका भू-उपयोग वर्गका आधारमा कृषि योग्य जग्गाको संरक्षण गरी उत्पादन वृद्धि, सुरक्षित र व्यवस्थित बसोबास, व्यावसायिक र औद्योगिक क्षेत्र, वातावरणीय सन्तुलन, जैविक विविधताको संरक्षणको लागि आवश्यक वन जङ्गल क्षेत्रको संरक्षण र व्यवस्थापन र उच्चतम सार्वजनिक हितको लागि सार्वजनिक उपयोगको क्षेत्र सुनिश्चित गर्ने रहेको छ।

# परिच्छेद २: विधि

यस भू-उपयोग योजना तर्जुमा गर्दा सहभागितामूलक विधि अपनाएर तर्जुमा गरिएको छ। योजना तर्जुमाको विधिलाई समष्टिगत रुपमा प्रारम्भिक चरण, सुझाव सङ्कलन र अन्तिम मस्यौदा चरणमा प्रस्तुत गरिएको छ :

**प्रारम्भिक चरण :** यस चरणमा विज्ञहरुको टोलीले भू-उपयोग योजनाको प्रारम्भिक मस्यौदा तयार गरिएको छ। तथ्याङ्क सङ्कलन अन्तर्गत कार्यक्षेत्रसँग सम्बन्धित वडास्तरीय तथा गाउँपालिकाको सूचना, नक्सा तथा अन्य सम्बन्धित सूचना सङ्कलन गरिएको छ। सङ्कलित नक्सा तथा तथ्याङ्कका आधारमा गाउँपालिकाको आधार नक्सा तयार पारिएको छ। आधार नक्सामा मुख्यतया बस्ती, बस्तीहरू जोड्ने सडक सञ्जाल, खोला नाला, नदीहरू साथै अन्य भौतिक तथा सामाजिक पूर्वाधारहरू देखाइएको छ। सम्बन्धित ऐन, कानुन तथा नियमावलीहरू सङ्कलन गरी तिनीहरूको अध्ययन गरिएको छ। जस अन्तर्गत विभिन्न शीर्षकहरूमा तथ्याङ्क सङ्कलन गरिएको छ।

**सुझाव सङ्कलन :** यस चरणमा विज्ञ टोलीले तयार पारेको प्रारम्भिक मस्यौदा माथि स्थानीय सरोकारवालाहरु बीच छलफल तथा अन्तरक्रिया पश्चात सल्लाह, सुझाव तथा प्रतिक्रिया सङ्कलन गरिएको छ।

**अन्तिम मस्यौदा :** स्थानीय सरोकारवालाहरुबाट प्राप्त सुझावलाई समावेश गरी भू-उपयोग योजनालाई अन्तिम रुप प्रदान गरिएको छ।




चित्र १:भू-उपयोग योजना तर्जुमा बिधि




नक्सा १ : हालको भू-उपसेग वर्ग्रीकरणका लागि भू-उपगह्र नक्सा

## २.१ विज्ञ समूह गठन

स्थानीय स्तरको आवश्यकता र सम्बोधनलाई सुनिश्चित हुने गरी स्थानीय स्तरमा भू-उपयोग, नाप नक्सा, भू-सूचना प्रविधि, कृषि, वन, शहरी विकास तथा सामाजिक एवम् आर्थिक क्षेत्रलाई समेट्ने क्षमतावान विज्ञहरुको गठन गरिएको छ।

## २.२ स्थानीय सरोकारवालासंगको छलफल

गाउँपालिकाको भू-उपयोग योजना तजुर्मा गर्दा गाउँपालिकाले बनाएको guideline, भू-उपयोग ऐन २०७६, भू-उपयोग योजनाविद, स्थानीय जनप्रतिनिधि, टोल विकास समिति सदस्य, बुद्धिजीवि, अध्यक्ष, उपाध्यक्ष, सरकारी कर्मचारी, आदि बीच छलफल गरिएको छ। यसका साथसाथै स्थानीय सूचना तथा डाटाहरु सङ्कलनको कार्यलाई प्राथमिकतामा राखिएको छ।

गाउँपालिकाको भू-उपयोग योजना तर्जुमा गर्दा स्थानीय स्तरमा रहेका सडक, खोलानाला, धार्मिक, सामाजिक, साँस्कृतिक, औद्योगिक, पुरातात्विक, शैक्षिक, सामुदायिक, व्यवसायिक, कृषि पकेट क्षेत्र, आवासीय क्षेत्र एवम् सार्वजनिक महत्व लगायतका क्षेत्र तथा तिनका मापदण्ड माथि छलफल गरिएको छ ।








फोटो १ : सरोकारवालाहरुसंग छलफलका झलकहरु

प्राथमिक डाटाका रुपमा भूमिको सम्भावित उपयोग, सम्भाव्यता तथा सीमाहरुलाई समेट्ने किसिमका डाटा सङ्कलन गर्नका लागि स्थलगत भ्रमण, स्थानीय जनतासँगका छलफल, अन्तरक्रियाहरु जस्ता विधि अपनाइएको छ। आर्थिक, जनसांख्यिक लगायतका डाटाहरु गाउँपालिका स्थित स्थानीय निकायहरुबाट सङ्कलन गरिएको छ (**अनुसुची १ र २**) ।

## २.३ वर्तमान भू-उपयोगको नक्साङ्कन

भू-उपयोगको हालको अवस्थाको वर्गीकरणका लागि भू-उपग्रह चित्र सहायता लिइएको थियो भने क्षेत्रगत डाटाको सङ्कलनका लागि भने GPS प्रणालीमा आधारित क्षेत्रगत सर्वेक्षण र स्थानीय सरोकारवाला र विज्ञको ज्ञान तथा अनुभवको प्रयोग गरिएको थियो। प्रत्येक वडामा अवस्थित विद्यालयहरू, स्वास्थ्य संस्था, वडा कार्यालय, मठमन्दिर, ऐतिहासिक तथा पुरातात्विक स्थलहरू, खानेपानीका ट्याङ्की, कोट, पार्क तथा सडक, आदिको स्थलगत सर्वेक्षण गरी आधार नक्सा तयार गरिएको छ। यी सम्पूर्ण विधिबाट सङ्कलित

भौगोलिक तथा भू-उपयोग सम्बन्धित जानकारीहरुको प्रशोधन पछि यसलाई गाउँपालिकाले निर्धारण गरेका भू-उपयोग वर्गका आधारमा १० वटा वर्गमा विभाजन गरिएका छन्।

- कृषियाग्य क्षेत्र
- व्यवसायिक शहरी क्षेत्र
- औद्योगिक क्षेत्र
- खानी तथा खनिज क्षेत्र
- धार्मिक तथा साँस्कृतिक क्षेत्र
- वन तथा बनस्पति क्षेत्र
- सार्वजनिक क्षेत्र
- आवास क्षेत्र
- नदी तथा तालतलैया क्षेत्र
- अन्य क्षेत्र

भू-उपयोग ऐन २०७६ ले निर्धारण गरेका मापदण्डहरु तथा विज्ञ टोली तथा स्थानीय सरोकारवालाको संयुक्त प्रयासबाट बनाईएको हालको भू-उपयोगको आधारमा आगामी ५-१५ वर्षमा हुने गाउँपालिकाको भू-उपयोगको अवस्थालाई प्रक्षेपण गरिएको छ।हालको भू-उपयोग तथा आगामी ५-१५ वर्षको भू-उपयोगको आधारमा स्थानीय सरोकारवालाको राय सुझाव तथा विज्ञको रायलाई समायोजन गरी भू-उपयोग योजना तयार गरिएको छ।

यसरी तयार गरिएको मस्यौदालाई एक पटक पुनः सरोकारवालाहरुको माझमा लगी छलफल गरी आम सरोकारहरुको राय सुझाव, जानकारी एवम् छलफलका लागि पेश गरि सम्पूर्ण सरोकारवालाहरुबाट प्राप्त राय, सल्लाह, सुझाव तथा टिप्पणीहरुलाई सम्बोधन गरी भू-उपयोग योजनालाई अद्यावधिक गरिएको छ। यसरी गाउँपालिकास्तरमा निर्माण गरिएको सहभागितात्मक भू-उपयोग योजनालाई एक औपचारिक समारोहका बीच हस्तान्तरण गरिएको छ । जसलाई उपस्थिति सबै सरोकारवालाहरुले पूर्ण पालना एवम् कार्यान्वयन गर्ने प्रतिबद्धता जनाएसँगै पूर्ण रुपमा योजना तर्जुमा सम्पन्न गरिएको छ ।

## २.४ अनुगमन तथा मूल्याङ्कन

भू-उपयोग योजनाको उद्देश्य, लक्षित उपलब्धी, हासिल उपलब्धी तथा हासिल गर्न बाँकी उपलब्धी समेतलाई समय समयमा स्वःमूल्याङ्कनले गरिएको छ।भू-उपयोग योजना तर्जुमा तथा कार्यान्वयन स्वमूल्याङ्कन र अनुगमनका आधारमा गरिएको छ।कार्यक्रमका प्रभाव, आवश्यक संशोधन, सुधार र समायोजनका सन्दर्भमा भने सरोकारवालाबीच छलफल, बहस, अन्तरक्रियालाई माध्यम बनाइने व्यवस्था छ।यसरी तर्जुमा गरिएको भू-उपयोगका आगामी परिवर्तनहरुलाई गाउँपालिकास्तरका प्राविधिकहरुका सहयोगमा अद्यावधिक गर्न सकिने छ।आगामी दिनमा यस गाउँपालिकाले आवश्यकता अनुसार परिवर्तन एवम् परिमार्जन गर्न सक्ने छ।

# परिच्छेद ३ : गाउँपालिकाका संक्षिप्त विवरण

## ३.१ गाउँपालिकाको परिचय

कुमाख गाउँपालिका नेपालको कर्णाली प्रदेश नं ६ अन्तर्गत सल्यान जिल्लामा अवस्थित गाउँपालिका हो। साविकका कालागाउँ , वडागाउँ, जिमाली, मर्मपरिकाँडा र स्वीकोट गाउँ विकास समितिहरु समावेश गरी २०७३ सालमा गठन गरिएको हो।भौगोलिक हिसाबले यस गाउँपालिका समुद्रा सतहबाट ४५०-२५३७ मि. उचाइमा रहेको छ भने २८° ४१' ०३" उत्तर अक्षांश र २८° ५६' ४३" पूर्वी देशान्तर सम्म फैलिएको छ | यस गाउँपालिकाको कुल क्षेत्रफल १७७.२७ वर्ग कि.मी छ। यस गाउँपालिकाको पूर्वमा सल्यान जिल्लाको दार्मा गाउँपालिका र बागचौर नगरपालिका, पश्चिमा बनगाड कुपिण्डे नगरपालिका, दक्षिणमा ढोरचौर गाउँपालिका तथा  उत्तरमा रुकुम जिल्लाको चौरजहारी नजरपालिका र जाजरकोट जिल्लाको भेरी नगरपालिका सँग जोडिएको छ। कृषि र पशुपालन यहाँका मानिसहरुको प्रमुख पेशा हुन्।यस साथसाथै मानिसहरु वैदेशिक रोजगारीमा पनि गएका छन्।जडीबुटी तथा पर्यटन व्यवसाय पनि सम्भावना रहेको छ। उपयुक्त हावापानी, माटो, पुर्वाधार आदिका आधारले यो गाउँपालिकाले व्यवसायिक कृषिको धेरै सम्भावना बोकेको छ। उपलब्ध खेतीयोग्य जमिनमा धान, मकै, गहुँ, चना, मुसुरो, आलु उत्पादन हुन्छ।




नक्सा २ : गाउँपालिकाको अवस्थिति नक्सा




Projection System: MUTM, Spheroid - Everest 1830
LLRC, 2016

नक्सा ३ : गाउँपालिकाको प्रशासनिक विभाजन नक्सा




नक्सा ४ : गाउँपालिकाको DEM नक्सा




नक्सा ५ : गाउँपालिकाको Slope नक्सा




नक्सा ६ : गाउँपालिकाको Aspect नक्सा




नक्सा ७ : गाउँपालिकाको Drainage नक्सा




नक्सा ८ : गाउँपालिकाको सडक सञ्जाल नक्सा

# परिच्छेद ४ : वर्तमान भू-उपयोगको अवस्था

## ४.१ वर्तमान भू-उपयोग

गाउँपालिकाको भू-उपयोगलाई जम्मा १० वटा वर्गमा वर्गीकरण गरेर व्याख्या गर्न सकिन्छ :

- कृषियोग्य क्षेत्र
- व्यवसायिक शहरी क्षेत्र
- औद्योगिक क्षेत्र
- खानी तथा खनिज क्षेत्र
- धार्मिक तथा साँस्कृतिक क्षेत्र
- वन तथा वनस्पति क्षेत्र
- औद्योगिक क्षेत्र
- सार्वजनिक क्षेत्र
- आवास क्षेत्र
- नदी तथा तालतलैया क्षेत्र
- अन्य क्षेत्र

## ४.२ गाउँपालिकाका भू-उपयोगको वर्तमान अवस्था

कुमाख गाउँपालिकाको भू-उपयोगको वर्तमान अवस्थालाई हेर्दा गाउँपालिकाको सबभन्दा ठुलो भू-भाग वन तथा वनस्पति (११९१०.३९ हेक्टर) र कृषि क्षेत्रले (५५०३.५४ हेक्टर) ओगटेको छ। त्यस्तै नदी तथा ताल तलतलैया १९३.६९ हेक्टर, सार्वजनिक क्षेत्रले ८३.१८ हेक्टर तथा आवास क्षेत्रले १७.९८ हेक्टर भुभाग ओगटेको छ। वर्तमान भू-उपयोगकोसम्पूर्ण अवस्थाको वर्तमान विवरण निम्न तालिका र नक्सामा देखाइएको छ ।

तालिका १ः गाउँपालिकाको भू-उपयोगको  वर्तमान अवस्था

| वर्तमान भू-उपयोगवर्गीकरण | क्षेत्रफल (हे) |
|---|---|
| कृषि क्षेत्र | ५५०३.५४ |
| वन तथा बनस्पती क्षेत्र | ११९१०.३९ |
| आवास क्षेत्र | १७.९८ |
| ब्यवसायिक क्षेत्र | ०.६८ |
| औद्योगिक क्षेत्र | ०.१५ |
| सार्वजानिक क्षेत्र | ८३.१८ |
| अन्य | - |
| खानी तथा खनिज क्षेत्र | - |
| धार्मिक तथा सांस्कृतिक क्षेत्र | १०.६४ |
| नदि तथा ताल तलैया | १९३.६९ |
| जम्मा | १७७२०.२५ |




नक्सा ९ : गाउँपालिकाको भू-उपयोगको वर्तमान अवस्था नक्सा

तालिका २ : वडा नं. १ को भू-उपयोगको वर्तमान अवस्था

| **वर्तमान भू-उपयोगवर्गीकरण** | **क्षेत्रफल (हे)** |
|---|---|
| कृषि क्षेत्र | ७३६.३३ |
| वन तथा बनस्पती क्षेत्र | २०९० |
| आवास क्षेत्र | ८.२५ |
| ब्यवसायिक क्षेत्र | ०.००६४ |
| औद्योगिक क्षेत्र | |
| सार्वजानिक क्षेत्र | १४.२१ |
| अन्य | |
| खानी तथा खनिज क्षेत्र | |
| धार्मिक तथा सांस्कृतिक क्षेत्र | |
| नदि तथा ताल तलैया | ८१.०१ |
| जम्मा | २९२९.८२ |




नक्सा १० : वडा नं. १ को भू-उपयोगको वर्तमान अवस्था नक्सा

तालिका ३ : वडा नं. २ को भू-उपयोगको वर्तमान अवस्था

| **वर्तमान भू-उपयोगवर्गीकरण** | **क्षेत्रफल (हे)** |
|---|---|
| कृषि क्षेत्र | १०१५.८५ |
| वन तथा बनस्पती क्षेत्र | १८४८.२ |
| आवास क्षेत्र | १.५८ |
| ब्यवसायिक क्षेत्र | ०.००६ |
| औद्योगिक क्षेत्र | |
| सार्वजानिक क्षेत्र | १५.४४ |
| अन्य | |
| खानी तथा खनिज क्षेत्र | |
| धार्मिक तथा सांस्कृतिक क्षेत्र | |
| नदि तथा ताल तलैया | १५.६६ |
| जम्मा | २८९६.७४ |




नक्सा ११ : वडा नं. २ को भू-उपयोगको नक्सा

तालिका ४ : वडा नं. ३ को भू-उपयोगको वर्तमान अवस्था

| **वर्तमान भू-उपयोगवर्गीकरण** | **क्षेत्रफल (हे)** |
|---|---|
| कृषि क्षेत्र | १२४९.०९ |
| वन तथा बनस्पती क्षेत्र | २३२६.९८ |
| आवास क्षेत्र | ३.११ |
| ब्यवसायिक क्षेत्र | ०.५८ |
| औद्योगिक क्षेत्र | ०.१५ |
| सार्वजानिक क्षेत्र | १५.३१ |
| अन्य | |
| खानी तथा खनिज क्षेत्र | |
| धार्मिक तथा सांस्कृतिक क्षेत्र | ०.००९९ |
| नदि तथा ताल तलैया | ७.७३ |
| जम्मा | ३६०२.९६ |




नक्सा १२ : वडा नं. ३ को भू-उपयोगको नक्सा

तालिका ५ : वडा नं. ४ को भू-उपयोगको वर्तमान नक्सा

| **वर्तमान भू-उपयोगवर्गीकरण** | **क्षेत्रफल (हे)** |
|---|---|
| कृषि क्षेत्र | ५९८.१ |
| वन तथा बनस्पती क्षेत्र | १६९६.७६ |
| आवास क्षेत्र | ३.५९ |
| व्यवसायिक क्षेत्र | ०.०१८ |
| औद्योगिक क्षेत्र | |
| सार्वजानिक क्षेत्र | ११.६२ |
| अन्य | |
| खानी तथा खनिज क्षेत्र | |
| धार्मिक तथा सांस्कृतिक क्षेत्र | ०.००८९ |
| नदि तथा ताल तलैया | ६८.९३ |
| जम्मा | २३७९.०३ |




नक्सा १३ : वडा नं. ४ को भू-उपयोगको नक्सा

तालिका ६ : वडा नं. ५ को भू–उपयोगको वर्तमान अवस्था

| **वर्तमान भू-उपयोगवर्गीकरण** | **क्षेत्रफल (हे)** |
|---|---|
| कृषि क्षेत्र | ६५१.९१ |
| वन तथा बनस्पती क्षेत्र | १०२१.४५ |
| आवास क्षेत्र | ०.३ |
| ब्यवसायिक क्षेत्र | ०.०५३ |
| औद्योगिक क्षेत्र | |
| सार्वजानिक क्षेत्र | १.४४ |
| अन्य | |
| खानी तथा खनिज क्षेत्र | |
| धार्मिक तथा सांस्कृतिक क्षेत्र | |
| नदि तथा ताल तलैया | ५.५६ |
| जम्मा | १६८०.७१ |




नक्सा १४ : वडा नं. ५ को भू-उपयोग नक्सा

तालिका ७ : वडा नं ६ को भू-उपयोगको वर्तमान अवस्था

| **वर्तमान भू-उपयोग वर्गीकरण** | **क्षेत्रफल (हे)** |
|---|---|
| कृषि क्षेत्र | ६०७.६९ |
| वन तथा बनस्पती क्षेत्र | १४३५.५१ |
| आवास क्षेत्र | ०.५८ |
| व्यवसायिक क्षेत्र | ०.०१३ |
| औद्योगिक क्षेत्र | |
| सार्वजानिक क्षेत्र | १५.३२ |
| अन्य | |
| खानी तथा खनिज क्षेत्र | |
| धार्मिक तथा सांस्कृतिक क्षेत्र | ०.२६ |
| नदि तथा ताल तलैया | ९.६४ |
| जम्मा | २०६९.०१ |




नक्सा १५ : वडा नं. ६ को भू-उपयोग नक्सा

तालिका ८ : वडा नं ७ को भूउपसेगको वर्तमान अवस्था

| **वर्तमान भू-उपयोगवर्गीकरण** | **क्षेत्रफल (हे)** |
|---|---|
| कृषि क्षेत्र | ६४४.५४ |
| वन तथा बनस्पती क्षेत्र | १४९०.६९ |
| आवास क्षेत्र | ०.५४ |
| ब्यवसायिक क्षेत्र | ०.००५९ |
| औद्योगिक क्षेत्र | |
| सार्वजानिक क्षेत्र | ९.८२ |
| अन्य | |
| खानी तथा खनिज क्षेत्र | |
| धार्मिक तथा सांस्कृतिक क्षेत्र | १०.५९ |
| नदि तथा ताल तलैया | ५.१३ |
| जम्मा | २१६१.३२ |




नक्सा १६ : वडा नं. ७ को भू-उपयोग नक्सा

## ४.३ गाउँपालिकाको आगामी ५-१५ वर्षको भू-उपयोगको वडागत प्रक्षेपण

कुमाख गाउँपालिकाको भू-उपयोगको वर्तमान अवस्थालाई भू-उपयोगको आगामी ५-१५ वर्षको तथ्याङ्कसँग तुलना गर्दा कृषि, व्यावसायिक तथा आवासले ओगटेको क्षेत्रफलमा व्यापक परिवर्तन आएको हुनेछ। कृषियोग्य जमिन हालको अवस्था भन्दा ५५३.५२ हेक्टरले घटेर ४९५०.०२ हेक्टरमा सीमित हुनेछ भने व्यावसायिक क्षेत्र ६८.९७ हेक्टरले वृद्धि भई ६९.६५ हेक्टरमा फैलिनेछ। त्यस्तै आवास क्षेत्र १७.९८ हेक्टरबाट वृद्धि भई ४८४.५५ हेक्टरमा फैलिनेछ। यसरी कृषियोग्य जमिन मासिनु र व्यवसायिक तथा आवास क्षेत्र बढनुमा जनसङ्ख्या को प्राकृतिक वृद्धि साथै बसाइँसराइको कारण मुख्य छन्। तीव्रतर रुपमा बढिरहेको जनसङ्ख्याहरु कृषियोग्य जमिनमा नयाँ बस्तीहरुमा व्यवस्थापन भईरहेका छन्। जसले गर्दा ठूला ठूला खेतीयोग्य जमिनमा बस्ती विस्तार भईरहेका छन् र आवास, व्यावसायिक र खेतीयोग्य जमिनको क्षेत्रफलमा व्यापक परिवर्तन हुने विश्लेषण गरिएको हो। यी भू-उपयोगका वर्ग बाहेक धार्मिक तथा साँस्कृतिक क्षेत्र,उत्खनन, वन तथा वनस्पति, नदी तथा ताल तलैया, सार्वजनिक, तथा अन्य क्षेत्रको क्षेत्रफलमा भने आगामी ५ देखि १५ वर्षको अवधिमा खासै परिवर्तन नआउने देखिन्छ। कुमाख गाउँपालिकाको आगामी ५-१५ वर्षको भूउपयोगको वडागत प्रक्षेपणको अवस्थालाई निम्न तालिका र नक्सामा देखाइएको छ।

तालिका ९ : गाउँपालिकाको आगामी ५-१५ वर्षको भू-उपयोगको प्रक्षेपण

| **वर्तमान भू-उपयोगवर्गीकरण** | **क्षेत्रफल (हे)** |
|---|---|
| कृषि क्षेत्र | ४९५०.०२ |
| वन तथा बनस्पती क्षेत्र | ११९१०.३९ |
| आवास क्षेत्र | ४८४.५५ |
| ब्यवसायिक क्षेत्र | ६९.६५ |
| औद्योगिक क्षेत्र | ०.१५ |
| सार्वजानिक क्षेत्र | ८३.१८ |
| अन्य | |
| खानी तथा खनिज क्षेत्र | |
| धार्मिक तथा सांस्कृतिक क्षेत्र | १०.६४ |
| नदि तथा ताल तलैया | १९३.६९ |
| जम्मा | १७७०२.२७ |

तालिका १० : वडा नं. १ को आगामी ५-१५ वर्षको भू-उपयोगको प्रक्षेपण

| **वर्तमान भू-उपयोगवर्गीकरण** | **क्षेत्रफल (हे)** |
| --- | --- |
| कृषि क्षेत्र | ६५७.२६ |
| वन तथा बनस्पती क्षेत्र | २०९० |
| आवास क्षेत्र | ७७.०१ |
| ब्यवसायिक क्षेत्र | १०.३०६४ |
| औद्योगिक क्षेत्र | |
| सार्वजानिक क्षेत्र | १४.२१ |
| अन्य | |
| खानी तथा खनिज क्षेत्र | |
| धार्मिक तथा सांस्कृतिक क्षेत्र | |
| नदि तथा ताल तलैया | ८१.०१ |
| जम्मा | २९२९.८ |

तालिका ११: वडा नं. २ को आगामी ५-१५ वर्षको भू-उपयोगको प्रक्षेपण

| **भू-उपयोगवर्गीकरण** | **क्षेत्रफल (हे)** |
|---|---|
| कृषि क्षेत्र | ९३६.७८ |
| वन तथा बनस्पती क्षेत्र | १८४८.२ |
| आवास क्षेत्र | ७०.३४ |
| ब्यवसायिक क्षेत्र | १०.३०६ |
| औद्योगिक क्षेत्र | |
| सार्वजानिक क्षेत्र | १५.४४ |
| अन्य | |
| खानी तथा खनिज क्षेत्र | |
| धार्मिक तथा सांस्कृतिक क्षेत्र | |
| नदि तथा ताल तलैया | १५.६६ |
| जम्मा | २८९६.७४ |

तालिका १२ : वडा नं. ३ को आगामी ५-१५ वर्षको भू-उपयोगको प्रक्षेपण

| **भू-उपयोगवर्गीकरण** | **क्षेत्रफल (हे)** |
|---|---|
| कृषि क्षेत्र | ११७०.०२ |
| वन तथा बनस्पती क्षेत्र | २३२६.९८ |
| आवास क्षेत्र | ७१.८७ |
| ब्यवसायिक क्षेत्र | १०.८८ |
| औद्योगिक क्षेत्र | ०.१५ |
| सार्वजानिक क्षेत्र | १५.३१ |
| अन्य | |
| खानी तथा खनिज क्षेत्र | |
| धार्मिक तथा सांस्कृतिक क्षेत्र | ०.००९९ |
| नदि तथा ताल तलैया | ७.७३ |
| जम्मा | ३६०२.९६ |

तालिका १३ः वडा नं. ४ को आगामी ५-१५ वर्षको भू-उपयोगको प्रक्षेपण

| **भू-उपयोगवर्गीकरण** | **क्षेत्रफल (हे)** |
|---|---|
| कृषि क्षेत्र | ५१९.०३ |
| वन तथा बनस्पती क्षेत्र | १६९६.७६ |
| आवास क्षेत्र | ७२.३५ |
| ब्यवसायिक क्षेत्र | १०.३१८ |
| औद्योगिक क्षेत्र | |
| सार्वजानिक क्षेत्र | ११.६२ |
| अन्य | |
| खानी तथा खनिज क्षेत्र | |
| धार्मिक तथा सांस्कृतिक क्षेत्र | ०.००८९ |
| नदि तथा ताल तलैया | ६८.९३ |
| जम्मा | २३७९.०३ |

तालिका १४: वडा नं. ५ को आगामी ५—१५ वर्षको भू—उपयोगको प्रक्षेपण

| **भू-उपयोगवर्गीकरण** | **क्षेत्रफल (हे)** |
|---|---|
| कृषि क्षेत्र | ५७२.८४ |
| वन तथा बनस्पती क्षेत्र | १०२१.४५ |
| आवास क्षेत्र | ६९.१ |
| ब्यवसायिक क्षेत्र | १०.३५३ |
| औद्योगिक क्षेत्र | |
| सार्वजानिक क्षेत्र | १.४४ |
| अन्य | |
| खानी तथा खनिज क्षेत्र | |
| धार्मिक तथा सांस्कृतिक क्षेत्र | |
| नदि तथा ताल तलैया | ५.५६ |
| जम्मा | १६८०.७ |

तालिका १५: वडा नं. ६ को आगामी ५-१५ वर्षको भू-उपयोगको प्रक्षेपण

| **भू-उपयोगवर्गीकरण** | **क्षेत्रफल (हे)** |
|---|---|
| कृषि क्षेत्र | ५२८.६२ |
| वन तथा बनस्पती क्षेत्र | १४३५.५१ |
| आवास क्षेत्र | ६९.३४ |
| ब्यवसायिक क्षेत्र | १०.३१३ |
| औद्योगिक क्षेत्र | |
